बैठक संख्या 10२

मितिः २०७७/३/2९ गते

समयः1१.३० बजे

उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बैठक समितिका सभापतिको अध्यक्षतामा बस्यो । उक्त बैठकले वन तथा वातावरण मन्त्रालयका  माननीय मन्त्री र सचिवसँग वन पैदावार सम्बन्धी उद्योग व्यवसायका समस्या र समाधानका सम्बन्धमा छलफल गरी देहाय बमोजिमका निर्णय गऱ्यो ।

१. आत्मनिर्भर भैसकेका वन पैदावारमा आधारित उद्योगहरुलाई नेपाल सरकारबाट प्रदान गर्न सकिने छुट, सुविधा र सहुलियतहरु प्रदान गरी त्यस्ता उद्योगहरु फस्टाउने वातावरण तयार गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

२. लिलाम टेन्डर स्वीकृत भै राजस्व दाखिला भैसकेको काठवस्तु रोक्का नगर्न र त्यस्ता काठवस्तुहरु विना अवरोध ओसारपसार गर्न नेपाल सरकार मन्त्रिपरिषद्, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

३. नेपाल वन निगम लिमिटेडबाट हुँदै आएका काठवस्तुहरुको संकलन र उपयोगलाई उचित व्यवस्थापन  गरी त्यस्ता काठवस्तुहरु सर्वसाधारण उपभोक्तालाई सहज र  सुलभ दरमा उपलब्ध गराउने व्यवस्था गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने।

४. स्वदेशमा धेरै रोजगारी सृजना गर्ने उद्योगहरुलाई थप सुविधा र सहुलियतहरु प्रदान गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने ।

(झलक शर्मा सापकोटा)
समिति सचिव

(मा. बिमल प्रसाद श्रीवास्तव)
समिति सभापति